# आर्थिक वर्ष २०७८/०७९ को
# नीति तथा कार्यक्रम

## अजिरकोट गाउँपालिका
### भच्चेक, गोरखा
### गण्डकी प्रदेश, नेपाल

मिति २०७८ असाढ ५ गते

गाउँसभा सदस्य ज्यूहरु,
राष्ट्र सेवक कर्मचारीहरु,
पत्रकार महानुभावहरु,
नागरिक अगुवा साथै सम्पूर्ण अजिरकोटवासी वुवाआमा, दाजुभाइ तथा दिदीवहिनीहरु,
मानव जातिको लागि चुनौतीको रुपमा रहेको कोभिड १९ बाट विश्व समुदाय नै आक्रान्त भइरहेको यस विषम परिस्थितिमा अजिरकोटवासी नागरिकहरुको सुख र समृद्धिलाई केन्द्रमा राखी आर्थिक वर्ष २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्दैछु । यस क्रममा **"दिगो विकास हाम्रो सोच, सुन्दर शान्त समृद्ध अजिरकोट"** को दीर्घकालीन सोचलाई मूर्त रुप दिने अठोटका साथ नागरिकद्वारा प्रत्यक्ष निर्वाचित स्थानीय सरकार अजिरकोट गाउँ कार्यपालिका यस क्षेत्रको विकास र समृद्धिमा अजिरकोटवासी नागरिकको चाहना र आवश्यकता अनुसार अनवरत रुपमा लागिरहेको चार वर्ष पूरा भएको विषय सम्मानित सभा समक्ष जानकारी गराउँदछु ।
विश्वभर फैलिरहेको कोभिड १९ महामारी व्यवस्थापनमा अग्रपंक्तिमा रही काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत राष्ट्रसेवकहरुमा उच्च सम्मान व्यक्त गर्न चाहन्छु । साथै यस विषम परिस्थितिमा आ-आफ्नो तहबाट खटिनु हुने जनप्रतिनिधि, सञ्चारकर्मी, उद्योगी, व्यवसायी, निजी क्षेत्र, नागरिक समाज लगायत सबै व्यक्ति तथा संघ/संस्थाहरुलाई धन्यवाद व्यक्त गर्दछु । कोभिड महामारीको कारण मृत्युवरण गर्नु भएका सम्पूर्ण नेपालीहरुमा भावपुर्ण श्रद्धान्जली व्यक्त गर्दछु । साथै कोभिड १९ को महामारीमा परिवारका सदस्य गुमाएका परिवारहरुप्रति हार्दिक समवेदना व्यक्त गर्दछु र संक्रमणबाट गुज्रिरहेका सबैमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस महामारीबाट बच्न र बचाउन हामी सबैले आ–आफ्नो तहबाट सजगता र सचेतना अपनाउन आवश्यक रहेको जानकारी गराउँदछु ।

नेपालमा संघीयता कार्यान्वयन गर्ने सिलसिलामा गठित स्थानीय सरकारहरु जनताको घरदैलोको सरकारको रुपमा स्थापित भएका छन् । अजिरकोट गाउँपालिकाले स्थापना कालदेखि हालसम्म यस क्षेत्रका नागरिकहरुको विकास र समृद्धिका लागि विविध नागरिकमुखी क्रियाकलापहरू सञ्चालन गर्दै आईरहेको विषय सम्मानित सभा समक्ष जानकारी गराउँदछु । यद्यपी गाउँपालिका स्थापना कालका यी चार वर्षहरुमा गाउँपालिकाको संस्थागत विकासका लागि बढ्ता ध्यान दिनुपर्ने अवस्था रह्यो ।

उपस्थित गाउँसभा सदस्य ज्यूहरु,
यसै सन्दर्भमा संघीय सरकारको पन्ध्रौं योजना, दिगो विकासका लक्ष्यहरू तथा तिनले निर्धारण गरेका प्रमुख क्षेत्रहरू, नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धता जनाएका विषय तथा क्षेत्रहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकारका क्षेत्रगत नीतिहरू, विषयगत रणनीतिहरू, प्रदेश सरकारका वार्षिक नीति कार्यक्रम तथा क्षेत्रगत नीति तथा कार्यक्रमहरू, गाउँपालिकाको प्रथम पञ्चवर्षिय योजना, जनप्रतिनिधि मार्फत् मुखरित जनभावना तथा सरोकारवालाहरुले दिएका सुझाबलाई समेत आत्मसात् गरी उपलब्ध स्रोत साधनको अधिकतम र दक्षतापूर्वक उपयोग गर्दै अजिरकोट गाउँपालिकाले आर्थिक वर्ष २०७८।०७९ का लागि तय गरेका प्रमुख नीति तथा कार्यक्रमहरु देहाय वमोजिम प्रस्तुत गर्दछु ।

## क) आर्थिक विकास

१. उत्पादनमुखी लगानीलाई प्रवर्द्धन गर्दै दिगो, फराकिलो र समतामूलक आर्थिक विकासलाई हरेक कार्यक्रम तथा आयोजना छनौट तथा सञ्चालनको आधारको रुपमा लिइनेछ । लगानीको लागि प्रतिस्पर्धात्मक वातावरण सृजना गर्दै प्राप्त उपलब्धिलाई समन्यायिक वितरण गरिनेछ ।

२. अर्थतन्त्रका तीन स्तम्भहरु सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई सहभागिता, स्वतन्त्र विकास र परिपूरक रुपमा विस्तार गरी गाउँपालिकाको अर्थतन्त्रलाई सुदृढ गर्दै समृद्धिको मार्गतर्फ आर्थिक नीतिहरु केन्द्रित गरिनेछ ।

३. आर्थिक वर्ष २०७८।०७९ लाई **अजिरकोट कृषि प्रवर्द्धन वर्ष**को रुपमा लिँदै गाउँपालिकाले कृषि क्षेत्रमा विनियोजन गर्ने बजेट तथा कार्यक्रमहरुलाई थप उत्पादनमुखी बनाउँदै कृषिलाई व्यवसायिक गराउने गरी विस्तार गरिनेछ ।

४. **अध्यक्ष कृषि प्रवर्द्धन कार्यक्रम** मार्फत् बाँझो जग्गामा खेती गर्न र गन्हा सम्याउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। वडासँगको सहकार्यमा बाँझो जग्गाको लगत तयार गरिनेछ र त्यस्ता जग्गालाई उपयोग गरी कृषिजन्य उत्पादन वृद्धि गर्न बाँझो जग्गामा व्यवसायिक खेती प्रवर्द्धन गर्न साथै गन्हा सुधार कार्यक्रम मार्फत् कृषि उत्पादन वढाउन प्रोत्साहन गरिनेछ।

५. आर्थिक रुपमा विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति, एकल महिला, यौनिक अल्पसङ्ख्यक, आदिवासी/जनजाति तथा सिमान्तकृत वर्गका लागि विशेष अनुदान मार्फत् कृषिमा रोजगारी सृजना गर्न तथा युवाको भूमिका बढाउन न्यून व्याजमा सहुलियतपूर्ण ऋणको लागि समन्वय गरी कृषि क्षेत्रमा लगानी बढाइनेछ। कृषिमा महिला सहभागिता र महिला किसान सशक्तिकरणलाई केन्द्रित गर्दै साना तथा व्यवसायिक महिलामुखी कार्यक्रम सञ्चालन गरिनेछ।

६. व्यवसायिक रूपमा कृषि तथा पशुपालन गर्ने कृषकहरूलाई विषयगत उत्पादन सहकारीमा आबद्ध गरी बजार पहुँच सुनिश्चित गर्न सहयोग पुऱ्याइनेछ। वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई उनीहरूले सिकेको सीप अनुरुप कृषिमा आधारित घरेलु तथा साना उद्योगमा लगानी गर्न प्रोत्साहन गरिनेछ।

७. खाद्य तथा पोषण सुरक्षाको लागि अजिरकोट गाउँपालिकामा **एक घर एक करेसाबारी** कार्यक्रम अनिवार्य गरिनेछ। उक्त करेसाबारीमा मौसम अनुसारको तरकारी उत्पादन गर्ने र गर्न लगाई हरेक परिवारले पोषिलो तथा हरियो तरकारी वर्षभरि उपभोग गर्न पाउने व्यवस्था मिलाइनेछ। बेमौसमी प्राङ्गारिक तरकारी खेतीलाई प्रबर्द्धन गरिनेछ।

८. कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण मार्फत् उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वरोजगारका अवसरहरु सृजना तथा खाद्य सुरक्षाको प्रत्याभुति गरिनेछ।

९. कृषि क्षेत्रको विकासका लागि व्यवसायिक रुपमा कृषि कार्य गर्ने तथा सामुहिक खेती गर्ने कृषि समूह, फर्मका लागि आवश्यक कृषि उपकरणमा भारी अनुदानको व्यवस्था गरिनेछ। यस्ता कृषि फर्म दर्ता तथा नवीकरणको कार्य उद्यम विकास शाखा मार्फत् गर्ने तथा कृषि विकास वा पशु सेवा शाखाबाट नियमित रुपमा प्राविधिक सहयोग पुऱ्याइनेछ।

१०. व्यवसायिक सुरक्षाका लागि व्यवसाय विमा तथा सुरक्षा सामग्री सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। कृषि फर्म तथा कृषकद्वारा पशु तथा बाली बिमा गर्दा लाग्ने प्रिमियममा नेपाल सरकारले दिने सुबिधा बाहेकलाई १०० प्रतिशत मानी ५० प्रतिशत अनुदान गाउँपालिकाद्वारा प्रदान गरिनेछ। बाली तथा पशुपंक्षी बीमामा किसानको सर्वसुलभ पहुँच पुग्ने व्यवस्था गरिनेछ। यसका लागि निजी क्षेत्र साथै सहकारी संस्थाहरुलाई समेत परिचालन गरिनेछ।

११. प्राङ्गारिक कृषिमार्फत् कृषिलाई व्यवसायीकरण गर्दै उत्पादकत्व वृद्धि गरी यस गाउँपालिकालाई प्राङ्गारिक तरकारी, खाद्यान्न, दूध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ। विभिन्न प्रकोप तथा वन्यजन्तुहरुबाट हुने बालीको क्षीत न्युनीकरण गर्न बाली संरक्षण कार्यक्रम लागू गरिनेछ।

१२. कृषि क्षेत्रलाई मर्यादित एवं आकर्षक पेशाको रुपमा विकास गरिनेछ। तुलनात्मक एवं प्रतिस्पर्धात्मक लाभको सम्भावना र भौगोलिक एवं पर्यावरणीय स्थिति अनुसार विभिन्न भागहरुलाई खाद्यवस्तु, तरकारी तथा नगदेबाली उत्पादनको पकेट क्षेत्र निर्धारण गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ। विशेष गरी अलैँची र कफी खेतीलाई पकेट क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ।

१३. दूधको बजारीकरणलाई बढवा दिन गाउँपालिकामा एक व्यवस्थित दूध डेरीको स्थापना गर्न प्रोत्साहन गरिनेछ। दूध उत्पादक किसानलाई प्रोत्साहन गर्न **कृषक प्रोत्साहन कार्यक्रम** सञ्चालन गरिनेछ।

१४. स्थानीय विशिष्टता झल्कने बालीको बीउको व्यवसायिक उत्पादन र बजारीकरणमा सहजीकरण गरिनेछ। रैथाने प्रजातीका पशुपंक्षी प्रवर्द्धन गर्नुका साथै व्यवसायीक रुपमा माछापालन गर्ने कृषकलाई अनुदानको व्यवस्था गरिनेछ।

१५. उच्च नस्लका पशुपालनप्रति कृषकहरूलाई प्रोत्साहित गरिनेछ। उच्च धरातलीय क्षेत्र अनुकूलका भेडा, च्याङ्ग्रा, चौँरी लगायतका चौपायाहरूको व्यवसायिक पालनमा जोड दिइनेछ।

१६. जैविक मल तथा कीटनाशक औषधी उत्पादन गर्न कृषकहरूलाई ज्ञान र प्रविधि हस्तान्तरण गरिनेछ। पशु चौपायाहरुको गोठ सुधार गरी व्यवस्थित पशुपालन गर्न प्रोत्साहित गरिनेछ।

१७. सामुहिक र सहकारी कृषि प्रणालीको विकास गर्दै मल, बीउ, सिंचाई र प्रविधिको सुनिश्चितता गर्दै कृषि उपजको बजारीकरणलाई प्रवर्द्धन गरिनेछ । कृषि सहकारीको प्रवर्द्धन गरी साना किसानहरुको आर्थिक सामाजिक सशक्तीकरण गरिनेछ ।

१८. कृषि पशु क्षेत्रको विकासका लागि आवश्यक प्राविधिक सेवा सहज रुपमा उपलब्धताको सुनिश्चतता गरिनेछ । गाईपालन गर्ने कृषकहरु लक्षित प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्रत्येक वडामा एक कृषि तथा एक पशुसेवा प्राविधिकको व्यवस्था गरी कृषि तथा पशुसेवालाई थप प्रभावकारी गराइनेछ । साथै कृषि सम्बन्धी सूचनाहरु स्थानीय पत्रपत्रिका, रेडियो, मोवाइल तथा सामाजिक सञ्जाल मार्फत् सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ । गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट कृषक छनौट गरी सम्मान गरिनेछ ।

१९. गाउँपालिका स्तरीय नमुना मौषमी कृषी फार्मको निर्माण गरी यस गाउँपालिकामा सम्भाव्यता भएका फलफुल खेती साथै धरातलीय परीक्षणका लागि जडिबुटी बिउ-विजन उत्पादन जस्ता नमुनाका लागि नर्सरी उत्पादन केन्द्रको रुपमा विकास गर्दै लगिनेछ ।

२०. गाउँपालिकाको कार्यक्षेत्र भित्र रहेका सबै सहकारी संस्थाहरुको नियमन, प्रबर्द्धन र प्रशिक्षण गरी सहकारी क्षेत्रको संस्थागत क्षमता विकास गर्ने नीति अवलम्बन गरिनेछ । उद्देश्य र कार्यक्षेत्रको विश्लेषणको आधारमा सहकारी संस्थाहरुलाई एकआपसमा गाभिन प्रोत्साहन गरिनेछ ।

२१. स्थानीय स्रोत साधन र सीपको उपयोग गरी उद्यमशीलताको विकास गर्न सामुदायिक होमस्टे पुर्वाधार निर्माण र क्षमता अभिवृद्धी कार्यक्रम सञ्चालन गरिनेछ र सामुदायिक होमस्टेलाई आवश्यक मापदण्ड वनाई वर्गीकरण गरी सुदृढीकरण गरिनेछ ।

२२. पर्यटन प्रवर्द्धनका लागि धार्मिक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रहरुको संरक्षण र विकास गर्दै स्थानीय पहिचान दर्शाउने कला र संस्कृतिको संरक्षण र प्रवर्द्धन गरिनेछ । पर्यटकलाई आकर्षित गर्न **"हनी हन्टिङ फेस्टिभल"**, **"भेडी गोठ भ्रमण"** जस्ता  पर्यापर्यटन उन्मुख प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२३. स्थानीय उत्पादनलाई पर्यटन प्रवर्द्धनसँग आबद्ध गरी स्थानीय उत्पादन बिक्री केन्द्र र कोसेली घरको स्थापना गरिनेछ । पर्यटकीय उपजको विविधीकरण गरिनुका साथै पर्यटन विकासमा निजी क्षेत्रसँग साझेदारी गरिनेछ ।

२४. गाउँपालिकाको पहिचान तथा मौलिक संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्दै गाउँपालिकाभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुमा पर्यटन पुर्वाधार विकास गर्ने कार्यलाई निरन्तता दिइनेछ । अजिरकोट नागेपोखरी दुधपोखरी नारदपोखरी पदमार्ग निर्माण आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी कार्यान्वयन गरिनेछ । नागेपोखरीमा पर्यटन पूर्वाधार निर्माण कार्यलाई सरोकारवाला निकायहरुसँगको समन्वयमा अगाडि वढाइनेछ ।

२५. निजीक्षेत्रसँगको साझेदारीमा पर्यटन महोत्सव आयोजना गरिनेछ । पर्यटकीय गन्तव्यको प्रचार प्रसारका लागि गाउँपालिकाको पर्यटकीय क्षेत्रहरुलाई समेटेर वृत्तचित्र निर्माण गरी टेलिभिजन लगायतका सञ्चार माध्यमबाट प्रसारण गर्ने व्यवस्था मिलाइनेछ ।

२६. परम्परागत प्रविधिमा आधारित उद्योगहरूलाई नयाँ प्रविधिसँग जोडी आयस्तर वृद्धि गर्न सहयोग पुऱ्याइनेछ । पराम्परागत सीप भएका समूह पहिचान गरी नयाँ प्रविधिसँग आबद्ध गर्दै व्यवसायिक गराउन सहुलियत प्रदान गरिनेछ ।

२७. उत्पादन वृद्धि, रोजगारी सृजना र गरिबी निवारणमा टेवा पुऱ्याउने स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगलाई प्रोत्साहन गरिनेछ । स्वदेशी र स्थानीयस्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता दिइनेछ ।

२८. गाउँपालिका क्षेत्रभित्र सञ्चालित बैंक तथा वित्तीय संस्था मार्फत् संघ तथा प्रदेश सरकारले तोके बमोजिम उद्योग व्यवसाय प्रवर्द्धनका लागि सहुलियतपूर्ण कर्जा प्रवाह गर्न उत्प्रेरित गरिनेछ । उद्योगी व्यावसायीहरुलाई सबैखाले ऋण लगानीमा पहुँचका लागि सहजीकरण गरिनेछ ।

२९. स्थानीय जडिबुटी, जैविक कृषि उपज, फलफूल तथा तरकारी प्रशोधन सम्बन्धी उद्योगहरूको स्थापना र सञ्चालन गर्न प्रोत्साहन गरिनेछ । स्थानीय उत्पादनको बजारीकरणका लागि सहकारी र निजी क्षेत्रसँग सञ्जालीकरण र सहकार्य गरिनेछ ।

३०. विभिन्न समूह र सामुदायिक संस्थामा छरिएर रहेको बचतलाई उद्यम व्यवसाय क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ । उद्योग, व्यवसाय दर्तामा महिला, दलित तथा विपन्न वर्गका लागि राजश्वमा पचास प्रतिशत छुटको व्यवस्था गरिनेछ र सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियतपूर्ण सेवा शुल्क निर्धारण गरिनेछ ।

३१. गाउँपालिकाले व्यावसायीहरुसँग सङ्कलन गरेको कर तथा दस्तुरको निश्चित प्रतिशत व्यावसाय प्रवर्द्धनका क्षेत्रहरुमा कार्यक्रम तय गरी विनियोजन गरिनेछ ।

३२. गाउँपालिकामा दर्ता भएका र नभएका सबै खाले उद्योग व्यावसायहरुको नियमानुसार तथ्याङ्क अध्यावधिक गर्न दर्ता तथा नवीकरण अभियान सञ्चालन गरिनेछ । बजारको नियमित अनुगमन गर्दै उपभोक्ता हित विपरीतका कियाकलाप गर्नेलाई कारवाहीको दायरामा ल्याईनेछ ।

**ख) सामाजिक विकास**

सम्मानित सभाका सदस्यज्यूहरु,

३३. कोभिड महामारीको रोकथाम, नियन्त्रण र उपचारको भरपर्दो व्यवस्था सुनिश्चत गर्दै सबै अजिरकोटबासीहरुको स्वास्थ्य सम्बन्धी अधिकारलाई संरक्षण र प्रवर्द्धन गर्न गाउँपालिका प्रतिबद्ध रहनेछ । कोभिड महामारीको रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकाले संघ तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक कार्यक्रमहरु सञ्चालन गर्नेछ । अजिरकोटबासी नागरिकहरुको स्वास्थ्य सुरक्षाको लागि कोभिड विरुद्धको खोप यथाशिघ्र उपलव्ध गराउन गण्डकी प्रदेश सरकार र संघीय सरकारसँग अनुरोध गरी सवै नागरिकलाई खोपको सुनिश्चितता गरिनेछ ।

३४. कोरोना भाइरस नियन्त्रण तथा रोकथाम कोषमा पर्याप्त मात्रामा रकम विनियोजन गरिनेछ । कोभिड १९ को महामारीबाट उत्पन्न स्वास्थ्य जोखिम न्यूनीकरण गर्न आवश्यकता अनुसार आइसोलेसन तथा क्वारेन्टाइन स्थापना गरिनेछ । कोभिडबाट संक्रमित बिरामीहरुको उपचारमा आवश्यक अक्सिजनको व्यवस्थापन गरिनेछ ।

३५. गुणस्तरीय स्वास्थ्य, खानेपानी तथा सरसफाइ सेवामा सबै अजिरकोटबासीहरुको समतामूलक पहुँच पुग्नेगरी कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकाभित्रका अस्पताल, औषधी पसल तथा निजी स्वास्थ्य क्लिनिकहरुलाई आवश्यक नियमन गरिनेछ ।

३६. भच्चेकमा पाँच शैय्याको अस्पताल निर्माण कार्यलाई निरन्तरता दिँदै यसको स्तरोन्नति गर्न पहल गरिनेछ । स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउनका लागि स्वास्थ्य ईकाइहरुको निर्माण, पुर्वाधार विकास र सेवाको गुणस्तरमा वृद्धि गरिनेछ ।

३७. नागरिकको स्वास्थ्यलाई विशेष ध्यानमा राखी सरुवा तथा नसर्ने रोगको उपचार गर्न वैकल्पिक उपचार विधि प्राकृतिक चिकित्सा, आयुर्वेद, योग अभ्यासलाई प्राथमिकता दिइनेछ । विभिन्न रोग तथा महामारीको प्रभावबाट मानसिक रुपमा विक्षिप्त व्यक्ति, परिवार र समुदायलाई लक्षित गरी मनोसामाजिक परामर्शकर्ता मार्फत् मनोपरामर्श सेवा उपलब्ध गराइनेछ ।

३८. सुनौला हजार दिनका आमालाई पोषणको अभाव हुन नदिन पोषण सामग्री सहितको **माइतीको पोसिलो कोशेली** कार्यक्मलाई थप प्रभावकारीताका साथ निरन्तरता दिइनेछ ।

३९. महामारीको अवस्थामा खोप, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारी वनाउन महिला स्वास्थ्य स्वयंसेविका एवं स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन गरी परिचालन गरिनेछ ।

४०. आजका किशोरकिशोरीहरु भविष्यका देश निर्माणका आधार हुन् भन्ने मान्यतालाई आत्मसाथ गर्दै किशोर किशोरी लक्षित स्वास्थ्य तथा पोषणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । किशोर किशारी लक्षित लागुऔषध न्यूनीकरण, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, महिनावारी चक्र तथा सरसफाइ र प्रजनन स्वास्थ्य बारे सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४१. भच्चेक स्वास्थ्य चौकीबाट भिडियो एक्सरे, एक्सरे र प्रयोगशाला सेवालाई आगामी आर्थिक वर्षबाट थप व्यबस्थीत गर्दै लगिनेछ । गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरुलाई औजार उपकरण सम्पन्न गर्दै लगिनेछ । पाठेघर, स्तन क्यान्सर, आङ खस्ने जस्ता महिला सम्बन्धी रोग पहिचान र उपचारका लागि स्वास्थ्य शिविर सञ्चालन गरी निःशूल्क परीक्षण गरिनेछ ।

४२. अपाङ्ग, अति गरिब, विपन्न परिवारका गर्भवती तथा सुत्केरीलाई  सहयोगका कार्यक्रम सञ्चालन गरिने छ । साथै **उपाध्यक्ष सामुदायिक नर्सिङ सेवा** सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४३. गैरसरकारी संघ संस्थाहरुबाट सञ्चालन गरिने सबै प्रकारका सहयोग तथा सेवाहरुलाई गाउँपालिकाको एकद्वार प्रणाली मार्फत् सञ्चालन गरी व्यवस्थित बनाइनेछ । गैर सरकारी संस्थाहरुलाई नियमन गरी कार्यक्षेत्रमा हुने दोहोरोपना अन्त्य गरिनेछ र विकास साझेदार संस्थाहरुसँग विकासका कामहरुमा साझेदारी गर्ने नीति लिइनेछ ।

४४. कोरोना भाइरसको महामारीबाट शिक्षा क्षेत्र समेत प्रभावित भएको अवस्था छ । बन्दाबन्दी र निषेधाज्ञाको कारणले विद्यालय बन्द रहेको अवस्थामा पनि नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्दै उपयुक्त वैकल्पिक माध्यमहरुबाट पठनपाठन गर्ने व्यवस्था मिलाइनेछ ।

४५. स्थानीय पाठ्यक्रम निर्माण कार्यलाई निरन्तरता गर्दै पठन पाठनको कार्य सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ । विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ । विद्यालय छाड्ने दरलाई क्रमश शून्यमा झारिनेछ ।

४६. विद्यालय र समुदायबीच सहयोग, सहकार्य र साझेदारी निमार्ण गर्दै विद्यालयको विकासका लागि **हाम्रो विद्यालय राम्रो विद्यालय** को मर्मलाई आत्मसात् गर्दै सम्बन्धित निकायहरुलाई जवाफदेही बनाइनेछ । गाउँपालिका, विद्यालय प्रधानाध्यापक र शिक्षकबीच कार्यसम्पादन सम्झौता गरिनेछ । विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन नियमित रुपमा अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणको व्यवस्था मिलाइनेछ ।

४७. सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभूत र माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा ल्याउने कम्तिमा २ वटा विद्यालयलाई **अजिरकोट उत्कृष्ट शिक्षा पुरस्कार** दिइनेछ ।

४८. विपन्न र पछाडि परेका वर्ग, लिङ्ग र समुदायका बालबालिकाहरुलाई शिक्षामा पहुँच विस्तार गर्न झिकाउ, टिकाउ र विकाउ नीति अवलम्बन गर्दै छात्रवृत्ति, दिवाखाजा, पोसाक लगायत विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । बालिका शिक्षालाई प्रोत्साहित गर्न महिलामैत्री शौचालय, स्यानेटरी प्याडको उपलव्धताको सुनिश्चितता गरिनेछ ।

४९. शैक्षिक गुणस्तर कायम गर्न सामाजिक परीक्षण लगायत शिक्षक, विद्यार्थी र अभिभावकवीच नियमित रूपमा सम्वाद एवं अन्तरक्रिया गरिनेछ । विद्यालयमा विद्युतीय शिक्षा, ई-पुस्तकालय, खेलमैदान, सरसफाइ एवं वातावरणीय शिक्षा, नैतिक एवं शारीरिक शिक्षा, प्रयोगशाला जस्ता आधारभूत सुविधा उपलव्ध गराइनेछ ।

५०. **अध्यक्ष जेहेन्दार छात्रवृति कार्यक्रम** सञ्चालन गरी अजिरकोट गाउँपालिकाभित्रका विपन्न जेहेन्दार विद्यार्थीहरुलाई तोकिएको विद्यालयमा कक्षा एघार र बाह्रमा विज्ञान तथा प्राविधिक विषय पढ्न छात्रवृतिको व्यवस्था गरिनेछ ।

५१. **छोरी भए पुगेसरी कार्यक्रम** मार्फत दुईवटासम्म छोरी भई स्थायी बन्ध्याकरण गरेमा दुवै छोरीहरुलाई कक्षा बाह्रसम्म निःशूल्क शिक्षाको व्यवस्था गर्दै प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५२. महिला सशक्तीकरणमा जोड दिई हरेक क्षेत्रमा अर्थपूर्ण सहभीगता सुनिश्चित गर्दै लैङ्गिक मूलप्रवाहीकरण तथा सारभूत लैङ्गिक समानता कायम गर्न आवश्यक नीति तथा कानुन तर्जुमा गरिनेछ । लैङ्गिक हिंसा विरुद्ध

शून्य सहनशिलताको नीति अवलम्वन गरी गाउँपालिकास्तरमा कार्यरत संघसंस्थासँगको सहकार्यमा लैङ्गिक हिंसा, बाल विवाह तथा सामाजिक कुरीति विरुद्ध अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५३. महिला, बालवालिका, जेष्ठ नागरिक, किशोर-किशोरी, अपाङ्गगता भएकाहरूको सञ्जाल गठन गरी विकासमूलक कार्यक्रममा समन्यायिक सहभागिता सुनिश्चित गरिनेछ । योजना प्रक्रियामा सरोकारवाला लाभग्राही महिला, दलित, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चित गरिनेछ ।

५४. व्यक्तिगत घटना दर्तालाई अभियानको रुपमा सञ्चालन गर्न घटना दर्ता शिविर सञ्चालन गरिनेछ र जेष्ठ नागरिकहरूलाई परिवारमै सम्मानित जीवनको वातावरण तयार गर्नुका साथै स्वास्थ्य सेवा सम्बन्धी विशेष व्यवस्था मिलाइनेछ ।

५५. जोखिममा रहेका वर्गहरु जस्तैः एकल महिला, दलित, गर्भवती महिला, सहारा विहीन बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको वार्षिक रुपमा आर्थिक, सामाजिक तथ्याङ्क सङ्कलन र अध्यावधिक गरिनेछ । साथै एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकको समग्र हित र भलाइका निम्ति एक छुट्टै कोष स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ । छुवाछुत, बालश्रम र लैङ्गिक हिंसा, बाल विवाह, बहु विवाह एवं दुर्व्यवहार विरुद्ध शून्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

५६. **विकासमा महिला, सम्वृद्धिमा पहिला** भन्ने नारालाई आत्मसाथ गर्दै गाउँपालिकाबाट सञ्चालन गरिने विकास निर्माणका कार्यहरुमा महिलाहरुको नेतृत्व वृद्धि गर्ने नीतिलाई अवलम्बन गरिनेछ । वडा स्तरका उपभोक्ता समिति मार्फत् सञ्चालन गरिने योजनामा कम्तिमा एक तिहाई योजना महिला नेतृत्वमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

५७. गाउँपालिकाको वार्षिक कार्यक्रम बनाउँदा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा प्रकिया अवलम्बन गर्ने नीति लिइने छ । गाउँपालिकाले वार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने कार्यको थालनी गरिनेछ ।

५८. अपाङ्गता परिचय पत्र, ज्येष्ठ नागरिक परिचय पत्र, एकल महिला परिचय पत्र वितरण गरी उनीहरुको मौलिक हक र अधिकारलाई संरक्षण र सम्वर्द्धन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज बनाउन उनीहरुलाई आवश्यक पर्ने सहायता सामग्रीको व्यवस्थापनमा विभिन्न सहयोगी व्यक्ति तथा संघ संस्थाहरुसँग सहकार्य तथा सहलगानी गरिनेछ ।

५९. महिला तथा एकल महिलाहरुलाई लक्षित गरी विभिन्न सीपमूलक तालिम सञ्चालन गर्नुका साथै तालिम पश्चात् व्यवसाय सञ्चालन गर्ने कार्यमा साझेदार संस्थाहरुसँगको समन्वयलाई निरन्तरता दिइनेछ ।

६०. न्यायिक समितिका सदस्यहरु तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । समुदायमा हुने विवाद समाधान गर्न मेलमिलाप गर्ने नीति अवलम्बन गरिनेछ । वडास्तरीय मेलमिलाप केन्द्र तथा मेलमिलापकर्ताहरुको सूचीकृत गरी व्यवस्थापन गरिनेछ ।

६१. विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवं सन्तुलित विकासका लागि ती क्षेत्रका समुदायले जुटाउनु पर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक विभेदको नीतिलाई अगाडि बढाइनेछ ।

६२. युवाहरूलाई सङ्गठित गरी प्रतिभा प्रस्फुटनका क्रियाकलापहरू सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । युवालाई गाउँपालिका क्षेत्रमा नै उद्यम र रोजगारीको अवसर विस्तार गर्ने गरी **फर्क युवा अभियान**लाई निरन्तरता दिइनेछ ।

६३. बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालमैत्री कार्यक्रम सञ्चालन गर्नुका साथै आगामी तीन वर्षभित्र बालश्रम रहित गाउँपालिका घोषणा गरिनेछ । बालक्लवहरुको व्यवस्थापन र बाल प्रतिभा पहिचान कार्यकमहरु सञ्चालन गरिनेछ ।

६४. युवा स्वरोजगार कार्यक्रम मार्फत् युवा जनशक्तिलाई परिचालित गरिनेछ । स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ र स्काउट, रेडक्रस, खेलकुद जस्ता रचनात्मक काममा युवालाई संलग्न गराई सृजनशीलता बढाइनेछ ।

६५. दलित तथा पिछडिएका समुदायको परम्परागत पेशा व्यवसाय आधुनिकीकरण गरी व्यवसायिक बनाउन आवश्यक सहयोग गरिनेछ । जनजाति, विपन्नवर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गरिनेछ ।

६६. अजिरकोटको भाषा, साहित्य, कला, संस्कृति र सम्पदाको संरक्षण र सम्वर्द्धन गरिनेछ । यस क्षेत्रको संस्कृतिको पहिचान र संरक्षणका लागि अजिरकोट सांस्कृतिक सङ्ग्रालय स्थापना गरिनेछ । यसैगरी परम्परागत रुपमा नागरिकहरुलाई सूचना प्रवाह गर्ने माध्यमको रुपमा रहेको कटुवाले प्रथालाई अजिरकोटको सांस्कृतिक पहिचानको रुपमा लिई संरक्षण गरिनेछ ।

**ग) पूर्वाधार विकास**

६७. अजिरकोट गाउँपालिकाको प्रथम पञ्चवर्षीय योजनाले औंल्याएका क्षेत्रगत आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरी वहुवर्षीय आयोजनाको रुपमा लगानी गरिनेछ । सोही आयोजना बैंकमा रहेका विस्तृत परियोजना प्रतिवेदन तयार भएका आयोजनाहरुलाई संघीय र प्रदेश समपूरक, विशेष र सशर्त अनुदानका लागि प्रस्ताव गरिनेछ । आयोजना पहिचान, प्राथमिकीकरण, छनौट र कार्यान्वयनलाई प्रभावकारी वनाउन गाउँपालिका स्तरीय आयोजना वैंक स्थापना गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

६८. गाउँपालिका स्तरीय यातायात गुरु योजना तयार गरी सोही अनुसार सडक लगायत यातायातसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिनेछ । सडकको कारणले हुने भू-क्षयलाई कम गर्न बायोइन्जिनियरिङ प्रविधिलाई जोड दिइनेछ ।

६९. गाउँपालिका क्षेत्रका सानातिना सडकहरु मर्मत सम्भार तथा स्तरोन्नतिका लागि मर्मत-सम्भार कोष मार्फत् सडक मर्मत सम्भार र स्तरोन्नती गर्ने कार्यलाई उपभोक्ता साझेदारीमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ । गाउँपालिकाभित्रका महत्वपुर्ण सडकहरुलाई नियमित मर्मत गरी वाह्रै महिना यातायात सञ्चालन योग्य वनाउनको लागि नियमित मर्मत सम्भार कार्यलाई व्यवस्थित गरिनेछ ।

७०. जोखिमयुक्त छरिएर रहेका वस्तीहरुलाई व्यवस्थीत एकीकृत वस्ती विकास गर्दै गाउँपालिकालाई स्मार्ट भिलेजको अवधारणा अनुसार अगाडी बढाइने छ । भवन तथा शहरीकरणलाई व्यवस्थित गर्न प्रकोप प्रतिरोधी संरचना निर्माण गरी जोखिम न्युनीकरण गर्न भवन आचार संहिता निर्माण गरी कार्यान्वयन गरिनेछ । नयाँ बन्ने निजी, सामुदायिक र सरकारी भवन निर्माण गर्दा नक्सापास अनिवार्य गरिनेछ ।

७१. स्थानीय  स्रोतसाधन, सीपको प्रयोगबाट सञ्चालन हुने आयोजना र स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने योजनालाई प्राथमिकता दिइनेछ । दीगो विकासको लक्ष्य प्राप्तिका लागि जनसहभागितामा आधारित आयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

७२. विद्यालय, सामुदायिक भवन तथा सरकारी भवनहरु निर्माण गर्दा संरचनाहरु अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री र वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिनेछ ।

७३. टोल विकास संस्था तथा उपभोक्ता समिति मार्फत् निर्माण सम्पन्न भएका आयोजनाहरु नियमानुसार सम्बन्धित टोल विकास संस्था वा उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ । हस्तान्तरित योजनाको सम्पूर्ण मर्मत सम्भारका लागि उपभोक्ता समितिलाई नै जिम्मेवार बनाइनेछ । रु. १५ लाखसम्मका आयोजनाहरु मात्र टोल विकास संस्था वा उपभोक्ता समिति मार्फत् सञ्चालन गरिनेछ । उपभोक्ताहरुको दक्षता नभएको आयोजनाहरुलाई दक्ष निर्माण व्यवसायी छनौटको लागि ठेक्का आव्हान गरी सञ्चालन गरिनेछ ।

७४. प्रविधिको प्रयोग बढेसँगै गाउँपालिकालाई पनि प्रविधिमैत्री बनाउन गाउँपालिकाका मुख्यमुख्य भौतिक संरचनाहरुको डिजिटल नक्शाङ्कनको कार्य प्रारम्भ गरिनेछ । सडक अभिलेखिकरणको कार्यलाई भौगोलिक सूचना प्रणालीसँग आवद्ध गरी अगाडी बढाइनेछ ।

७५. पूर्वाधार योजनाको कार्यान्वयन तोकिएको समयमा सम्पन्न गर्न, योजनाको कार्यान्वयन र अनुगमनलाई सहज र सरल बनाउन योजना कार्यान्वयनको कार्यतालिका तयार गरी कार्यान्वयन गरिनेछ । प्रविधिमैत्री अनुगमन एप्लिकेसन प्रयोग मार्फत् अनुगमन कार्यलाई अझ बढी प्रभावकारी र पारदर्शी बनाइनेछ ।

७६. विद्यालय, स्वास्थ्य चौकी, वित्तीय संस्था र गाउँपालिकाको वडा कार्यालयसम्म भरपर्दो इन्टरनेट सेवाको विस्तार गरिनेछ । गाउँपालिका र वडा कार्यालयहरूमा विद्युतीय सूचना पूर्वाधारको विकास गरिनेछ ।

७७. अजिरकोट गाउँपालिका वडा नं. ३ नम्की स्थित खेल मैदानलाई गाउँपालिका स्तरीय खेलमैदानको रुपमा निर्माण कार्यलाई निरन्तरता दिइनेछ । संघीय सरकारद्वारा विनियोजन गरेको समपूरक रकममा थप गरी **नम्कीकोलकाटे भिरकुना सडक** कालोपत्रे तोकिएको समयमै सम्पन्न गरिनेछ ।

७८. संघीय र प्रदेश सरकारद्वारा यस गाउँपालिका क्षेत्रमा विनियोजित भएका आयोजनाहरु कार्यान्वयनमा आयोजना सर्वेको चरणदेखि नै गाउँपालिकासँग समन्वय गर्न अनुरोध गरिनेछ । कार्यान्वयन गर्ने निकायले गाउँपालिकालाई कार्य सुरुहुन पूर्व ईस्टिमेट र आयोजनाको कार्यसम्पन्न पश्चात् कार्यसम्पन्न प्रतिवेदन नवुझाएमा गाउँपालिकाले आयोजनाको अपनत्व लिन बाध्य हुनेछैन ।

७९. झ्याल्लाभुमे मन्दिर तथा पर्यटकीय पूर्वाधार निर्माण साथै अजिरकोट गोरखकालिका मन्दिर तथा पर्यटकीय पूर्वाधार निर्माणलाई तोकिएको गुणस्तर र परिणाममा समयमै सम्पन्न गर्न बजेटको सुनिश्चितता गर्दै गाउँपालिका साथै नागरिक  तथा सरोकारवालाको अनुगमन प्रतिवेदन पश्चात् सार्वजनिक सुनुवाइ गरेर मात्र हरेक रनिङ र कार्य सम्पन्न बिलको भुक्तानी दिने संयन्त्रको विकास गरिनेछ । आवश्यकता अनुसार वाह्य विज्ञलाई आमन्त्रण गरी अनुगमन गराइनेछ ।

८०. **उज्यालो अजिरकोट कार्यकम**लाई निरन्तरता दिँदै सबै टोलवस्तीमा केन्द्रीय प्रसारण लाइन बिस्तारको लागि सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिनेछ । लघु जलविद्युत् र सौर्य उर्जालाई समेत वैकल्पिक ऊर्जाको स्रोतको रुपमा प्रवर्द्धन गरिनेछ ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

८१. विपद्हरुको रोकथाम तथा न्यूनीकरणका लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद् ब्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ । गाउँपालिका स्तरीय विपद् व्यवस्थापन केन्द्र स्थापना गरिनेछ । यस्तो केन्द्रमा आवश्यक न्यूनतम विपद् उद्धार सामग्रीहरू भण्डारण गरिनेछ ।

८२. वृक्षारोपण तथा हरित क्षेत्रको प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ । **एक घर एक बोट, हरियाली अजिरकोट कार्यक्रम**लाई निरन्तरता दिइनेछ र दत्ते चौतारादेखि भच्चेक बजारसम्म **अजिरकोट गुराँस जोन** निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

८३. दिगो विकासलाई आत्मसाथ गर्दै वातावरणीय सन्तुलन कायम गर्न अजिरकोट गाउँपालिकाभित्रका जैविक विविधताको संरक्षण, रैथाने प्रजाति संरक्षण र वनजङ्गल संरक्षण, पुनर्भरण लगायतका कार्यहरुलाई उच्च प्राथमिकता दिइनेछ ।

८४. भू-उपयोग नीति अवलम्बन गर्नुका साथै सार्वजनिक जग्गाको लगत सङ्कलन गरी संरक्षणको नीति अवलम्बन गरिनेछ र खानेपानी मुहान संरक्षण, सम्भावित बाढी प्रभावित क्षेत्रमा तटबन्ध निर्माण, भू-संरक्षण तथा जलाधार संरक्षणका कार्यक्रमहरु व्यवस्थित गर्दै लगिनेछ ।

८५. रसायनिक मल प्रयोग निषेध गर्न र किसानलाई जैविक मल प्रयोगमा प्रोत्साहन गर्न वर्षको **उत्कृष्ट जैविक किसान** घोषणा गरी पुरस्कृत गर्ने कार्यको सुरुवात गरिनेछ ।

८६. मनसुनजन्य विपद् प्रभावित तथा भूकम्प प्रभावित नागरिकहरुले आवास निर्माण एवं राहत प्राप्ति लगायत राज्यबाट पाउने सुविधालाई सरल र व्यवस्थित गराउँदै लगिनेछ । विभिन्न विकास साझेदार र सामाजिक संघसंस्थाहरुसँगको सहकार्यमा उनीहरुको जीविकोपार्जनका गतिविधिहरु सञ्चालन गरी आयआर्जनमा सघाउ पुऱ्याउने कार्यकम सञ्चालन गरिनेछ ।

८७. गाउँपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थ जस्तैः ढुङ्गा, गिट्टी, बालुवाको आँकलन गरी निर्दिष्ट क्षेत्रहरुबाट त्यस्ता वस्तुमा उत्खनन, संकलन, प्रशोधन, ओसारप्रसार र बिक्री वितरणलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ । चेपे तथा दरौदी नदीबाट जलविद्युत् आयोजनाहरुले गाउँपालिकाको स्वीकृति नलिई ढुङ्गा गिट्टी वालुवा उत्खनन् गर्ने कार्यमा रोक लगाइनेछ ।

८८. अजिरकोट गाउँपालिका क्षेत्रभित्रको फोहरलाई दीगो व्यवस्थापन गर्न आवश्यक रणनीतिहरु बनाई कार्यान्वयनमा ल्याइनेछ । नजिकका स्थानीय तहहरू र विभिन्न संघसंस्थाहरुसँग समन्वय गरी लागत सहभागितामा पायक पर्ने ठाउँमा फोहोर व्यवस्थापन गरिनेछ । घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने

फोहोर छुट्याउन लगाई कुहिने फोहोरबाट जैविक मल उत्पादन गर्न प्रोत्साहित गरिनेछ ।

८९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नता तथा संङ्घ, प्रदेश र गैरसरकारी संघसंस्थासँग सहयोग, सहकार्य गर्ने नीति अवलम्बन गरिने छ । विपद् व्यवस्थापनका लागि विपद्का क्षेत्रहरुमा जोखिमको अवस्था, जोखिम न्यूनीकरणका उपायहरु तथा संस्थागत प्रवर्द्धन गर्न आवधिक जोखिम व्यवस्थापन योजना तर्जुमा गरिनेछ । गाउँपालिकाको बहुप्रकोप जोखिमको नक्साङ्कन गरिनेछ ।

९०. हरेक विकासका गतिविधिहरुमा दीगो विकासलाई आत्मसात् गर्दै वृक्षारोपण, जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलन, रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन, जैविक विविधताको संरक्षण र प्रवर्द्धन गरी वातावरणीय सन्तुलन कायम राखिनेछ । जलवायु परिवर्तन सम्बन्धी जनचेतनात्मक कार्यक्रम सञ्चालन गरिनुका साथै जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

९१. ठूला आयोजना निर्माणमा वातावरणीय प्रभाव अध्ययनलाई योजना कार्यान्वयनको पूर्वशर्त बनाइनेछ । हरेक पूर्वाधार सम्वन्धी नीति निर्माण गर्दा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ र जनसहभागितामा सञ्चालन गरिने आयोजनाहरु कार्यान्वयन गर्दा वातावरणमैत्री आयोजना बनाउनेतर्फ सम्बन्धित उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाउने नीति लिइनेछ ।

९२. समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरू गठन तथा विपद् व्यवस्थापनमा संलग्न हुने संघ/संस्था, समुदाय र व्यक्तिहरूको क्षमता विकास गरिनेछ । विपद् व्यवस्थापनका क्षेत्रमा कार्यरत रेडक्रस, संघसंस्थाहरू र स्थानीय क्लवहरूलाई समन्वयात्मक रुपमा परिचालन गरिनेछ ।

९३. सामुदायिक वन संरक्षणका लागि वन उपभोक्ता समितिहरुको नियमन, व्यवस्थापन तथा क्षमता विकास गरी वन सम्पदाको दीगो व्यवस्थापन गर्दै लगिनेछ । कालिज, डाँफे, मुनाल, घोरल, थार, मृग जस्ता स्थानीय रुपमा पाइने वन्यजन्तु तथा पंक्षीको संरक्षणको लागि वन उपभोक्ता समितिहरुलाई अग्रसर गराइनेछ ।

**ङ) संस्थागत विकास र सेवा प्रवाह**

९४. सेवा प्रवाहको गुणस्तरका वारेमा समीक्षा गर्न कार्यपालिका, शाखा प्रमुख तथा वडा सचिवहरुको चौमासिक प्रगति समीक्षा बैठक सञ्चालन गरिनेछ । शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य संस्था प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी आर्थिक वर्षको अन्त्यमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई सम्मान गरिनेछ ।

९५. गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि तथा मानव संसाधन विकासका लागि क्षमता विकास योजना तर्जूमा गरिनेछ । गाउँपालिकाको साङ्गठनिक विकासलाई प्राथमिकता दिँदै कर्मचारी एवं पदाधिकारीहरुको क्षमता विकासका लागि तालिम, अध्ययन, अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।

९६. गाउँपालिकाको विकास निर्मणका कार्यलाई समावेशी, पारदर्शी, उत्तरदायी तथा जनसहभागितामूलक बनाइनेछ । सुशासनलाई केन्द्रमा राखी सार्वजनिक प्रशासनलाई पारदर्शी, जवाफदेही र नागरिकमैत्री वनाइनेछ ।

९७. स्थानीय योजना व्यवस्थापन प्रणालीलाई सूचना प्रविधिमा आवद्ध गरिनेछ । मध्यमकालीन खर्च संरचना तयार गरी आवधिक योजना र वार्षिक योजनाबीच अन्तरसम्बन्ध स्थापित गरिनेछ ।

९८. सेवा प्रवाहमा संलग्न कर्मचारीहरुको मनोवल बढाउन आवश्यकता अनुसार प्रोत्साहनका कार्यक्रमहरु ल्याइनेछ । आन्तरिक पर्यटन प्रवर्द्धन साथै कर्मचारी उत्प्रेरणाका लागि वर्षमा पाँच दिनको तलव सहितको विदा दिई कर्मचारी प्रोत्साहन कार्यक्रमलाई नियमित गरिनेछ । कर्मचारीलाई निःशूल्क आवासको व्यवस्था गर्न कर्मचारी आवासको निर्माण गरिनेछ ।

९९. गाउँपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरुलाई चुस्त र पारदर्शी बनाउन प्रविधिमैत्री गाउँपालिकाको अवधारणा ल्याइनेछ । राजश्व सङ्कलन, योजना सञ्चालन, जिन्सी व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली लगायतका कार्यहरु सफ्ट्वेयरको प्रयोग मार्फत व्यवस्थित गरिनेछ ।

१००. कार्यालयलाई सेवाग्राहीमैत्री बनाउन सेवाग्राही प्रतिक्षालय, सहायता कक्ष, र सोधपुछ कक्षको व्यवस्था मिलाइनेछ । नगर प्रहरी भर्ना गरी नागरिकहरुको निर्भयपूर्वक जीवनयापन र पेशा व्यवसाय गर्न पाउने हकको संरक्षण गर्दै विधिको शासनलाई थप मजबुत गराइनेछ ।

१०१. नियमित एवं बढी कर तिर्ने करदातालाई पुरस्कृत गर्दै सबै व्यवसायी तथा व्यवसायलाई करको दायराभित्र समावेश गरी आन्तरिक आय बढाउन आगामी वर्षलाई **व्यवसाय दर्ता वर्ष**को रुपमा मनाइने छ र यो वर्ष व्यवसाय दर्ता गर्ने व्यवसायीलाई दर्ता शूल्कमा विशेष छुटको व्यवस्था गरिनेछ ।

१०२. समुदाय, जनप्रतिनिधि, कर्मचारी तथा तेस्रो पक्ष अनुगमनकर्ताहरुको मूल्याङ्कन मार्फत् गाउँपालिकाभित्रका उत्कृष्ट उपभोक्ता समिति र निर्माण व्यवसयीलाई पुरस्कृत तथा प्रोत्साहनको थालनी र नियमानुसार कार्य सम्पन्न नगर्नेलाई दण्डित गर्ने प्रथा थालनी गरिनेछ ।

१०३. घुम्ती सेवा प्रदान गर्दै नागरिकलाई सहज र सुलभ रुपमा सार्वजनिक सेवामा पहुँच स्थापित गर्न आवश्यक संस्थागत सुदृढीकरण गरिनेछ । पञ्जीकरणलाई प्रविधिमैत्री गराउनुका साथै व्यवस्थित गर्दै लगिनेछ । सामाजिक सुरक्षा भत्ता वितरणलाई बैकिंङ प्रणालीमा आबद्ध गरिनेछ ।

१०४. गाउँपालिकाको पारदर्शिता एवं सुशासनका लागि गाउँपालिकाको आम्दानी तथा खर्चलाई सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै गाउँपालिकाका विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजना स्थलमा नै सार्वजनिक परिक्षण र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०५. स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गर्दै न्याय प्रणालीको प्रवर्द्धन गरिनेछ । विद्यमान न्यायिक समिति र कानुन कार्यान्वयनका निकाय माथि सहज पहुँचका लागि निःशूल्क कानूनी परामर्श सेवा प्रदान गरिनेछ ।

१०६. "राजश्व सङ्कलन भार होइन समृद्धिको आधार हो" भन्ने चेतना जागरण गराउन स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा सञ्चालन गरिनेछ । जनतालाई करको भार महसुस नगराई निजी क्षेत्रको विकासमा वाधा नपुग्ने गरी प्रगतिशील कर प्रणालीको माध्यमद्धारा करका दरहरु निर्धारण गरिने छन् । स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने कर नीति अवलम्बन गरिनेछ ।

१०७. चालु खर्चलाई निश्चित सीमामा राखी पूँजीगत खर्चमा अभिवृद्धि गर्दै आम्दानी र खर्चलाई वर्गीकरण तथा लेखाङ्कन गरिनेछ ।

सम्मानित सभाका सदस्यज्युहरु,

आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट गाउँपालिकाको विकासमा महत्वपूर्ण योगदान पुग्नुका साथै अजिरकोटवासी नागरिकहरुको सुख सम्वृद्धिमा टेवा पुग्ने अपेक्षा लिएको छु । नीति तथा कार्यक्रमको सफल कार्यान्वयमा जनप्रतिनिधि, राजनैतिक दलहरु, नागरिक समाज, बुद्धिजिवी, अर्धसरकारी तथा गैरसरकारी संघसंस्था, राष्ट्रसेवक कर्मचारी, सञ्चारजगत, विकास साझेदार र सम्पूर्ण अजिरकोटवासी नागरिकहरुको साथ र सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !

जय नेपाल !!

जय अजिरकोट !!!